**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका लागि आवेदन आव्हान गरिएको सूचना**

*(प्रथम पटक प्रकाशित मिति : २०७६/४/३१)*

*निवेदन बुझाउने अन्तिम मिति : २०७६/५/२९)*

नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आ.व. २०७६/७७ मा सौर्य ऊर्जामा आधारित विभिन्न सौर्य ऊर्जा प्रणाली प्रवर्द्धन कार्यक्रमहरु ल्याएको छ । जस अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु रहेका छन् :

| क्र.सं. | कार्यक्रमको विवरण | लक्ष्य (संख्या) | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १ | विद्युतको पहुँच नभएका गाउँपालिका तथा वडा कार्यालयहरुमा लागत साझेदारीमा सौर्य प्रणाली जडान | १०० | १. सम्बन्धित स्थानीय तहबाट निवेदन र पूर्व सभ्याव्यता अध्ययन फाराम ( वेवसाइटबाट प्राप्त गर्न सकिने) मा माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु ।<br>। |
| २ | कृषि सिंचाइका लागि सौर्य पम्प जडान | २०० | १.सम्बन्धित किसान वा व्यवसायिक संस्था वा उपभोक्ता समितिको निवेदन ।<br>२. पूर्व सभ्याव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरुमा निर्दिष्ट फाराम भर्ने ।<br><br>३.प्रणाली जडानमा लाग्ने कूल खर्चको कम्तीमा ४०% व्यहोर्ने सुनिश्चितता पत्र (नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ अनुसार)<br>४ सम्बन्धित स्थानीय तहको सिफारिश |
| ३ | दलित, आदिवासी, जनजाति लगायतका लक्षित वर्ग, पिछडिएका वर्ग लगायतका लागि स्वच्छ ऊर्जाका कार्यक्रम अन्तर्गत सौर्य विद्युत प्रणाली जडान | १०,००० | पूर्व सभ्याव्यता अध्ययन फाराम (वेव साइटबाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका कागजातहरु । |
| ४ | लागत साझेदारीमा ग्रामीण क्षेत्रका पाठशाला, स्वास्थ्य केन्द, सामुदायिक वा सरकारी अस्पतालहरुमासंस्थागत सौर्य विद्युत प्रणाली जडान | ५०० | १. सम्बन्धित संस्थाहरु बाट निवेदन र पूर्व सभ्याव्यता अध्ययन फाराम (वेवसाइटबाट प्राप्त गर्न सकिने) मा मांग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु ।<br>२.सम्बन्धित स्थानीय तहको सिफारिश |
| ५ | Grid Connected सोलार प्रवर्द्धनका लागि सहुलियत ऋण तथा ब्याज अनुदान मा सोलार रुफटप कार्यक्रम अन्तर्गत घरयासी, ब्यबसायिक र औद्योगिक क्षेत्र मा सौर्य ऊर्जा प्रणाली जडान | केही | ग्रिड कनेक्टेड सौर्य ऊर्जा जडान गर्न इच्छुक व्यक्ति, संस्था, उद्योग को निवेदन र केन्द्रको ढाँचामा सभ्याव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएको कागजातहरु |
| ६ | विद्युतको पहुँच नभएका क्षेत्रका सडक घुम्ती लगायतका दुर्घटनाग्रस्त स्थलहरु र सार्वजनिक स्थलहरुमा सौर्य सडकबत्ती जडान | २५ स्थानमा | १. सम्बन्धित स्थानीय तहबाट निवेदन र पूर्व सभ्याव्यता अध्ययन फाराम ( वेवसाइटबाट प्राप्त गर्न सकिने) मा माग गरिएको पूर्ण जानकारी र उल्लेख गरिएका कागजातहरु ।<br>। |

माथि उल्लेखित कार्यक्रममा सहभागी हुन इच्छुक आवेदनकर्ताहरुले आफूले गर्न चाहेका कार्यक्रम स्पष्ट रुपमा खुलाई निर्दिष्ट गरे बमोजिमका कागजातहरु सहित मिति २०७६/५/२९ भित्र केन्द्रमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति/उपभोक्ता समिति/संघसंस्था सामुदायिक संस्थाहरुले सम्बन्धित स्थानीय तहको सिफारिस सहित आवेदन दिनुपर्नेछ । माथि उल्लेखित कार्यक्रमहरु यस केन्द्रको प्रचलित नीति तथा कार्यविधि (यस केन्द्रको वेभसाइटमा उपलब्ध छ ) बमोजिम कार्यान्वयन गरिने छ । यस कार्यक्रममा सहभागी हुन यस अगाडि माथि उल्लेखित कार्यक्रम मार्फत कुनै प्रणाली जडान नभएको सुनिश्चितता सम्बन्धित स्थानीय तह मार्फत हुनुपर्नेछ ।

**सम्पर्क ठेगाना**

**सौय ऊर्जा शाखा**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**खुमलटार हाइट, ललितपुर, पो.ब.नं. १४३६४**
**फोन नं. ९७७-१५५३९३९०/१५५३९३९१**
**इमेलः info@aepc.gov.np**
**sec@aepc.gov.np**